आदरणीय नगरसभाका सभाध्यक्षज्यू
नगरसभा सदस्यज्यूहरु

मानव जीवनको इतिहासमै अत्यन्त पिडादायी कोरोना भाईरस (कोभिड - १९) को दोश्रो लहरका कारण सिर्जित विषम परिस्थितिका विच नागरिकको जीवन रक्षा गर्दै विकास निर्माणका कार्यलाई अगाडी बढाउने तथा यस संकट पश्चात उत्पन्न हुन सक्ने खाध्य संकटलाई समेत मध्यनजर गर्दै नागरिकको आय आर्जनमा समेत टेवा पुर्याउने लक्ष्यका साथ हामी अगाडी बढिरहेका छौँ । कोरोना भाईरसको संक्रमण बढ्न नदिन र प्रभावित व्यक्ति हरुको व्यवस्थापनका लागि नगरपालिकाको तर्फबाट श्रोत र साधनको विवेकपूर्ण प्रयोग गर्दै स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा आइसोलेसन तथा क्वारेन्टाइनका कार्य समेत भइरहेका छन् । बन्दा बन्दीको यस अवस्थामा स्वदेश भित्र रही रोजगारी गुमाउदै दैनिक हातमुख जोड्न समस्या परेका व्यक्तिहरुको राहात तथा व्यवस्थापन लगायतका कार्यमा खर्च गर्ने गरि सहयोग प्रदान गर्नु हुने सम्पूर्ण व्यक्ति, विभिन्न संघ संस्था लगायतका सहयोगी मनहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु । यस प्रकोप बिरुद्द लड्न हामि सबैले सामाजिक एकता, सहिष्णुता, आपसी समन्वय र सद्भाव जस्ता हाम्रा समाजका अमुल्य सम्पतिहरुको साहारा लिनु सान्दर्भिक हुन्छ । समाजका हरेक समस्या प्रति संबेदनशिल बन्दै योगदान समेत गर्न अगाडी बढ्ने हाम्रो मन आगामी दिनमा समेत थप उदारता साथ प्रस्तुत हुनेछ भन्ने मैले विश्वास लिएकी छु । महामारी विरुद्दको यस लडाईमा गैंडाकोट नगरपालिका आफ्नो सम्पूर्ण क्षमताको उपयोग गर्दै उपलब्ध श्रोत साधनको अधिकतम प्रयोगका साथ हामी माथि आइपरेको विपत्तिको पीडालाई भुल्दै नगरपालिकाको नवौं ऐतिहासिक एंव गरिमामय नगर सभामा आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गर्न गइरहेकी छु । प्रस्तुत बजेटले नगरवासीको पिडामा मलम लगाउदै जीवन रक्षा गर्ने, जिविको पार्जनमा टेवा पुर्याउने तथा महामारी बाट प्रभावित भएको नगरको विकास प्रक्रियालाई समेत माथि उठाउने कार्यमा योगदान पुर्याउने छ भन्ने मेरो विश्वास रहेको छ । एकसाथ धेरै कार्यहरुको जिम्मेवारी बहन, श्रोत साधनको सीमितता, सेवा प्रवाहका लागि सृजित स्वास्थ्य सुरक्षा चुनौती, भौतिक पूर्वाधार र बढ्दो जनअपेक्षाका वीच सामान्जस्यता स्थापित गरी कार्य गर्नका लागि हामी सबै जनप्रतिनिधिहरु र सेवा प्रवाहमा खटिइरहनु भएका कर्मचारी साथीहरू वीच एउटा असल र मेलमिलापयुक्त नमूना परिवारको भूमिका निर्वाह गर्दै कार्यहरुको समूचित बाँडफाँड र व्यवस्थापन गरी यस विषम परिस्थिति बाट नगरलाई जोगाउन अहोरात्र खटिनुपर्ने दायित्व हामीमा सृजना भएको छ । हामी निर्वाचित भई कार्यभार सम्हालेको पनि चौथो वर्ष पुरा भई पाचौं वर्षमा प्रवेश गरिसकेका छौँ तसर्थ प्रस्तुत बजेट नयाँ योजनाका अतिरिक्त नागरिकको जीवन रक्षा गर्दै विगतका अधुरा योजनाहरु सम्पन्न गर्ने तर्फ केन्द्रित रहदै दिगो विकाशका लक्ष पच्छयाउदै अगाडी बढ्नेमा पूर्णरुपमा विश्वस्त रहेका छौँ ।

गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ मा नगरस्तरीय राजश्व परामर्श समिति बाट प्राप्त मार्गदर्शन तथा गरिएका निर्णयहरु,नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, बजेट तथा कार्यक्रम तयारीको क्रममा केन्द्र र प्रदेश बाट प्राप्त बजेट सीमा र नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तय गरिएको सीमा भित्र रही नगर कार्यपालिकाको निर्णय वमोजिम आ.व. २०७८/०७९ को बजेट यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्दछु । आ.व. ०७८/०७९ का लागि वजेट कार्यक्रम वनाउदा निम्न नीतिगत व्यवस्थाहरुको अवलम्वन गरिएको छ ।

**आगामी आर्थिक बर्ष २०७८/०७९ को बजेट, कार्यक्रम सम्बन्धी नीतिगत व्यवस्था ।**

१. नगरपालिकाको आन्तरिक श्रोतको उच्चतम परिचालनका लागि नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्देशित गरेका कर, दस्तुर सेवा शुल्कका क्षेत्रहरुको दायरा फराकिलो गर्दै नगरको श्रोत परिचालनमा सबै क्षेत्र र वर्गका नगरबासीहरुले आफुले आफ्नो क्षमता अनुसार योगदान गरेको महसुस गर्ने अवस्थाको सिर्जना गरिनेछ ।

२. नगरपालिकामा सेवाग्राहीहरुले सबै किसिमका राजश्व, कर दस्तुर र सेवा शुल्क बुझाए पछि सेवाग्राहीको मोबाइलमा SMS सेवाको माध्यमबाट कर तिरेको जानकारी सहित धन्यवाद ज्ञापन गर्ने सफ्टवेयर पद्धतिलाई निरन्तरता दिईनेछ ।

३. सम्पतिकर, भूमिकर (मालपोत), व्यावसाय कर, घर बहाल कर, सवारीकर लगायत व्यक्तिगत प्रकृतिका कर राजश्वको रेकर्ड सफ्टवेयरमा व्यवस्थित गरी एकै व्यक्तिले तिर्नु बुझाउनु पर्ने करहरु एकै पटक बुझाउन सक्ने गरी करदाता मैत्री पद्धतिको स्थापना र विकास गरिनेछ ।

४. प्राप्त हुने करको समुचित व्यवस्थापनका लागि सम्वन्धित संघ संस्था संग सहकार्य गरिनेछ ।

५. आन्तरिक श्रोतको दीगो व्यवस्थापन र नयाँ क्षेत्रहरुको पहिचान तथा विस्तारका लागि संभावित क्षेत्रहरुका विज्ञ समूहबाट अध्ययन गराई प्राप्त सिफारीसका आधारमा उपयुक्त निर्णय गरिनेछ ।

माथि उल्लेखित आन्तरिक राजश्व आम्दानीका श्रोतहरु जुटाउने सन्दर्भमा विभिन्न समयमा गैंडाकोट नगरभित्र करशिक्षा अभियान संचालन गरिने छ, भने नगर कार्यपालिकाले कार्यविधी वनाई घर जग्गा बहाल कर र ब्यबसाय कर असुल गर्ने कार्य सुरु गरिसकिएको छ । दैनिक कार्य संचालनका लागि आवश्यक पर्ने थप कार्यविधि, निर्देशिकाहरुको व्यवस्था आगामी दिनहरुमा गरिनेछ ।

अव म आगामि आर्थिक वर्ष ०७८/०७९ को अनुमानित आयको विवरण यस गरिमामय नगरसभामा प्रस्तुत गर्दछु ।

| सि. नं. | मुख्य आय शीर्षक | रकम |
|---|---|---|
| १ | आन्तरिक राजश्व | ७ करोड २२ लाख ५० हजार |
| २ | राजश्व बाँडफाँड (घरजग्गा रजिष्ट्रेशन) | ५ करोड ५० लाख |
| ३ | मौज्दात तथा अन्य आय | १ करोड ९५२ |
| | **आन्तरिक श्रोतको जम्मा** | **१३ करोड ७२ लाख ५० हजार ९५२** |
| १ | नेपाल सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण अनुदान | १७ करोड ६१ लाख |
| २ | नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान | ३१ करोड १८ लाख |
| ३ | नेपाल सरकारवाट प्राप्त हुने राजश्व वाँडफाँड रकम | १० करोड ९२ लाख ९२ हजार |
| ४ | प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान | २ करोड १६ लाख ९१ हजार |
| ५ | प्रदेश सरकारवाट प्राप्त हुने शशर्त अनुदान | ५० लाख |
| ६ | प्रदेश सरकारवाट प्राप्त हुने समपुरक  अनुदान | ५० लाख |
| ७ | प्रदेश सरकारवाट प्राप्त हुने राजश्व वाँडफाड | १ करोड ३३ लाख २० हजार |
| ८ | विशेष अनुदान  संघिय सरकार | १ करोड २५ लाख |
| ९ | समपुरक अनुदान  संघिय सरकार | १ करोड ४० लाख |
| | **संघ तथा प्रदेश वाट प्राप्त अनुदान** | **६६ करोड ८७ लाख ३ हजार** |
| | **आन्तरिक, संघ प्रदेश को जम्मा आय** | **८० करोड ५९ लाख ५३ हजार ९५२** |

आर्थिक वर्ष २०७८/०७९ को वजेटलाई निम्न बमोजिम खर्चमा विनियोजन गरिएको छ ।

| सि.नं. | विवरण | यस वर्षको रकम आ.व. ०७८/०७९ | कैफियत |
|---|---|---|---|
| १ | **कार्यालय प्रशासनिक खर्च** | **१४ करोड ८० लाख ५० हजार** | |
| २ | **आर्थिक विकास समिति** | **७५ लाख** | |
| क | कृषि | २० लाख | |
| ख | पशुपंक्षि | ५० लाख | |
| ग | सहकारी | ५ लाख | |
| ३ | **सामाजिक विकास समिति** | **४ करोड ७५ लाख** | |
| क | खेलकुद | २० लाख | |
| ख | लक्षित वर्ग | ५० लाख | |
| ग | शिक्षा | २ करोड | |
| घ | स्वास्थ्य | १ करोड ९५ लाख | |
| ङ | आयूर्वेद | १० लाख | |
| ४ | **पूर्वाधार विकास समिति** | **६ करोड ९१ लाख ३ हजार ९५२** | |
| ५ | **वातावरण तथा विपद् व्यवस्थापन समिति** | **१ करोड** | |
| ६ | **संस्थागत विकास तथा सेवा प्रवाह समिति** | **३५ लाख** | |
| | न्यायिक समिति | २० लाख | |
| | उपभोक्ता हित संरक्षण | ५ लाख | |
| | संस्थागत विकास | १० लाख | |
| ७ | **शशर्त अनुदान संघीय सरकार कार्यक्रम** | **३१ करोड १८ लाख** | |
| ८ | **विशेष अनुदान संघिय सरकार** | **१ करोड २५ लाख** | |
| ९ | **विपद् व्यवस्थापन कोष लगायत ७ वटा कोष** | **८० लाख** | |
| १० | **वडागत विभाजन** | **१२ करोड ९० लाख** | |
| | वडा नं. ३,१४ र १८ को लागि रु. ८० लाख प्रति वडा | २ करोड ४० लाख | |
| | बाँकी वडाहरु लाई प्रति वडा रु ७० लाखका दरले | १० करोड ५० लाख | |
| ११ | **समपुरक अनुदान** | **१ करोड ४० लाख** | |
| १२ | **नगरपालिका समपुरक अनुदान** | **१ करोड** | |
| १३ | **लागत सहभागिता** | **१ करोड** | |
| १४ | **मेसिनरी औजार, सवारी साधन र फर्निचर फिंक्चर्स** | **१ करोड ५० लाख** | |
| | **जम्मा कार्यक्रम खर्च** | **८० करोड ५९ लाख ५३ हजार ९५२ मात्र** | |